# समकालीन नेपाली उपन्यासका धारा र प्रवृत्ति

**डा. शालिकराम पौड्याल**

**उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय**

## लेखसार

*प्रस्तुत लेखमा नेपाली उपन्यासको आधुनिक कालको समकालीन युगको आरम्भका प्रमुख कारण सहित यस कालका प्रमुख धारा तथा प्रवृत्तिका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ । साथै यस युगका मुख्य उपन्यासकार तथा तिनका उपन्यासको बारेमा उल्लेख गरी मूलभूत प्रवृत्तिहरू केलाउने काम गरिएको छ । रुद्रराज पाण्डेको रूपमती (१९९१) उपन्यासबाट सुरु भएको नेपाली उपन्यासको आधुनिक कालमा वि.सं.२०३६ पछिको समयलाई समसामयिक नेपाली उपन्यासको नयाा युगका रूपमा लिने गरिएको छ र यहाा समकालीन नेपाली उपन्यासका प्रवृत्तिहरूलाई सङ्क्षेपमा केलाउने प्रयास गरिएको छ ।*

*शब्दकुञ्जिका :* नारीवादी, मिथकीय, स्वैरकल्पनात्मक, डायस्पोरिक, लैङ्गिकता, पर्यावरणीय चेतना, साइबर संस्कृति ।

## विषयपरिचय

नेपाली उपन्यासको परम्परालाई खोतल्दै जाादा वि.सं. १८२७ को *महाभारत विराट पर्व* सम्म पुग्नुपर्ने हुन्छ । शक्तिबल्लभ अर्ज्यालद्वारा अनूदित यो कृति पहिलो आख्यानात्मक गद्य कृतिका रूपमा देखा पर्छ । यसपछि संस्कृत तथा अन्य भाषाबाट अनुदित घटनाको वर्णन भएका इतिवृत्तात्मक आख्यान लेखनको थालनी भएको देखिन्छ भने धर्म र नीतिसम्बन्धी कुराको वर्णन भएका, साहस, कुतूहलता, आश्चर्य तथा प्रेमको स्वच्छन्द रूपले वर्णन भएका, नैतिक, धर्मिक, शैक्षिक एवं मनोरञ्जन दिने उद्देश्यले एवं धर्मको प्रसारबाट परलोकसुधारको सन्देशप्रवाह गर्ने खालका आख्यानात्मक रचनाहरू लेखिएका पाइन्छन् तर त्यस्ता कृतिहरूमाविधागत स्पष्टता भने देखिँदैन । यसरी प्रारम्भकालीन अवस्थामा आख्यानात्मक नमुना भएका कृतिहरू देखिए पनि औपन्यासिकताको निर्वाह भएका रचनाहरू प्राप्त हुन सकेनन् । हरिकृष्ण रचित शिवशर्मा अनुदित *वीर सिक्का* (१९४६) बाट प्रारम्भकालीन अनुवाद परम्पराको निरन्तरतासाागै अनेक नवीन प्रवृत्तिहरू देखा पर्न थाले भने मौलिक उपन्यास लेखनको थालनी समेत भयो । प्राथमिक कालको सापेक्षतामा माध्यमिक कालमा आएपछि आख्यानले विविध परम्परा र प्रवृत्तिका दिशाहरू प्राप्ति गर्न सकेको देखिन्छ (सुवेदी, २०६४, पृ. ३९) । तत्कालीन नेपालको राजनीतिक तथा सामाजिक वातावरणको प्रभाव, राणहरूको भोगविलासी प्रवृत्ति, सत्तासङ्घर्षका षडयन्त्र र विदेशी प्रभावले उपन्यास लेखनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

माध्यमिक कालमा संस्कृत, प्राकृत हुादै नेपालीमा, हिन्दी, उर्दू, अरबी र फारसीबाट अनूदित हुादै नेपालीमा उपन्यासहरू लेखिँदै आएको पाइन्छ । यसरी विभिन्न भाषाबाट नेपाली अनूदित हुादै आएका उपन्यासहरूले शिल्पसंरचना, चरित्रनिर्माण र रचनाकार्य निर्माणका चेतनालाई

आधुनिकतातिर उन्मुख बनाएका छन् (सुवेदी, २०६४, पृ. ४५)। सामाजिक यथार्थको चित्रण गर्ने, औपचारिक विधागत स्वरूपको स्थापना गर्ने तथा अतिकाल्पनिकतालाई त्यागी स्वाभाविकता र सम्भाव्यताको खोजी गर्ने रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यासबाट नै नेपाली उपन्यास परम्परामा आधुनिककालको सूत्रपात भएको हो (बराल र एटम, २०५८, पृ. ९०)। रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यासबाट सुरुभई आजसम्मको अवस्थासम्म आइपुग्दा नेपाली उपन्यासले विविध मोडहरू पार गरेको छ भने अन्तर्राष्ट्रिय युग सन्दर्भलाई व्यक्त गर्ने विविध धारा तथा प्रवृत्तिलाई आत्मसात गर्दै निरन्तर अगाडि बढिरहेको छ। यसरी १९९१ देखि सुरु भएको नेपाली उपन्यासको आधुनिक कालमा २०३६ पछिको समयलाई समकालीन नेपाली उपन्यासको नयाा युगका रूपमा लिने गरिएको छ र यहाा समकालीन नेपाली उपन्यासका प्रवृत्तिहरूलाई सङ्क्षेपमा केलाउने प्रयास गरिएको छ।

## सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ। प्राथमिक स्रोतको सामग्रीका रूपमा समकालीन युगमा प्रकाशित नेपाली उपन्यासलाई लिइएको छ। द्वितीयक स्रोतका सामग्रीका रूपमा उपन्यासका बारेमा गरिएका विभिन्न अध्ययन तथा समीक्षालाई लिइएको छ। यसमा दुबै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। साथै विद्युतीय माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ। यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि समकालीनतालाई आधार मानी कृतिमा पाइने विशेषताका आधारमा समकालीन नेपाली उपन्यासको प्रवृत्तिको अध्ययन गरिएको छ।

## समकालीन नेपाली उपन्यासका धारा

समकालीन शब्दले वर्तमानको चालु समयलाई बुझाउँछ। "व्यापक अर्थमा समकालीन शब्द भूत तथा अभूत दुवै कालमा उपयोग गर्न सकिने भए पनि विशिष्ट अर्थमा 'चालु वर्तमानसँग सम्बद्ध आज र अहिलेका गद्यात्मक र पद्यात्मक रचनाहरूको समुच्चय सकालीन साहित्य हो"(शर्मा, २०५५, पृ.५)। "समकालीनतालाई परिवर्तनसँग आबद्ध ठहर्‍याउँदै वर्तमान समयका अभिलक्षण आत्मसात् गर्न नसकेका रचना वर्तमानमा लेखिएका भए पनि तिनलाई समकालीन मान्न सकिँदैन" (शर्मा, २०५५, पृ.७)। जीवनसँग समकालीन समयमा चलिरहेका वा प्रस्तुत गरिएका प्रवृत्तिलाई नै उत्तरतर्वी प्रवृत्ति मान्न सकिन्छ। लक्ष्मणप्रसाद गौतमले उत्तरतर्वी/समकालीन भनी चर्चा गर्दै तत्कालीनता, एतत्कालीनता, परिवर्तनशीलता, समयक्रमको सापेक्षता, अस्थिरता, वर्तमानसँगको आबद्धता, एककालिकता आदि समकालीनताका प्रमुख बुँदा मानेका छन्। उनले परिवर्तित समयअनुसार आज वा अहिलको वर्तमान वा सम्प्रतिसँग सम्बद्ध अभिलक्षण र विशेषता भएको ( रचना) समकालीन हो साथै परिवर्तित समयअनुसार आज वा अहिलेको वर्तमान वा सम्प्रतिसँग सम्बद्ध अभिलक्षण र विशेषताहरू (रचनामा) विद्यमान हुनु समकालीनता हो (गौतम, २०६६, पृ. १२७)। यसबाट समकालीन तथा उत्तरवर्ती शब्दले वर्तमानको समयलाई जनाउने प्रस्ट हुन्छ।

समकालीन नेपाली उपन्यासको थालनी वि.सं. २०३६ पछिको समयबाट भएको मानिन्छ र यो अहिले उत्तरवर्ती चरणका रूपमा परिचित भइसकेको छ। खासगरी विद्यार्थी आन्दोलनको फलस्वरूप २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा भए पश्चात् नेपाली उपन्यासमा समकालीन युगको

थालनी भएको हो । २०३६ पछिको समकालीन युगमा जनमत सङ्ग्रह घोषणा (२०३६), बहुदलीय व्यवस्थाको पराजय (२०३७), सडक कविताक्रान्ति (२०३६), सत्याग्रह (२०४२), भारतले गरेको आर्थिकनाकाबन्दी (२०४५), जनआन्दोलन (२०४६), बहुदलीय व्यवस्थाको स्थापना(२०४६), नयाँ संविधान (२०४७), आम निर्वाचन (२०४८) र त्यसपछिको राजनीतिक अस्थिरता, मध्यावधि निर्वाचन (२०५१),माओवादी जनयुद्धको थालनी (२०५२), सङ्कटकालको घोषणा(२०५८) शाहीशासन (२०५९), लोकतान्त्रिक आन्दोलन (२०६२/६३), अन्तरिम संविधान (२०६३), तराई आन्दोलन (२०६३), संविधान सभाको निर्वाचन (२०६४), संविधानसभाको विघटन (२०६९) र त्यसपछिको अन्योलग्रस्त राजनैतिक अवस्था, दोस्रो संविधानसभाको निर्वाचन (२०७०), स्थानीय निर्वाचन (२०७४), आम निर्वाचन (२०७४) जस्ता घटना परिघटनाबाट प्रभावित हुादै समकालीन नेपाली उपन्यास अगाडि बढेको छ र यसै अवस्थामका विविध प्रसङ्ग र परिस्थितिसाग सन्दर्भित विषयवस्तुलाई लिएर उपन्यासको सिर्जना भएको छ साथै सन् १९६० पछि विश्वसाहित्यमा देखापरेको उत्तरआधुनिकतावाद समेत प्रभावित हुँदै उत्तर आधुनिकताका अभिलक्षणहरूलाई आत्मसात गर्दै नवीन शैलीशिल्पका उपन्यासहरू लेखिएका छन् र समसामयिक धारा निरन्तर गतिशील बन्दै गइरहेको छ ।

नेपाली उपन्यासको यस युगमा अघिल्लो चरणका सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी, मनोविश्लेषणवादी, नारीवादी, मिथकीय, विसङ्गतिवादी, अस्तित्ववादी, प्रयोगवादी धाराको निरन्तरताका साथै प्रकृतवादी, स्वैरकल्पनात्मक, डायस्पोरिक, लैङ्गिकता, शरणार्थी समस्या, पर्यावरणीय चेतना, साइबर संस्कृतिसाग सम्बन्धित उत्तरआधुनिकता भित्र अटाउने विविध प्रवृत्तिहरू देखापरेका छन् ।

समकालीन नेपाली उपन्यासको यस उत्तरवर्ती चरणमा आदर्शोन्मुख यथार्थवादी धाराअन्तर्गत भारती खरेलको *गङ्गाजमुना* (२०४६) सामाजिक यथार्थवादी धारामा धुस्वाा सायमिको *खरानीको बस्ती* (२०४६) *दीपा* (२०४६), आलोचनात्मक यथार्थवादी धारामा सुस्मिता नेपालको *मेरा छातीका कोलाजहरू* (२०५४), खगेन्द्र सङ्ग्रौलाको *जुनकीरीको सङ्गीत* (२०५६), अस्तित्ववादी धारामा सरुभक्तको *पागल बस्ती* (२०४८), प्रयोगवादी धारामा ध्रुवचन्द्र गौतमको *अलिखित* (२०४०), ध.च.गोतामेको *यहाँदेखि त्यहाँसम्म* (२०४२) आदि उपन्यासहरू देखापरेका छन् ।

यस चरणमा प्रगतिवादी धारामा रहेर लेखिएको उपन्यासहरूमा पञ्चायती शासन व्यवस्थामा गरिबले भोग्नु परेको सास्ती र सङ्घर्षको रणनीति देखाउने रमेश विकलको *अविरल बग्दछ इन्द्रावती* (२०३९), पञ्चायती शासन व्यवस्थाका विरुद्ध हुङ्कार व्यक्त गर्ने पारिजातको *अनिदो पहाडसागै* (२०३९), तत्कालीन पञ्चायती शासनव्यवस्थाका बर्बरतापूर्ण व्यवहारको पर्दाफास गर्दै परिवर्तनको चाहना व्यक्त गर्ने सञ्जय थापाका *नओइलाउने फूल* (२०४३), *बुङ्गालाका साझहरू* (२०४६), *देउमाईका किनार* (२०४७), २०४६/०४७ सालको राजनीतिक सङ्क्रमणले ल्याएका राजनीतिक, अर्थनीति र नैतिक आचरणका मूल्यहरूलाई विषयवस्तु बनाएर लेखिएको ऋषिराज बरालको *कमरेड हुतराजको राजधानी प्रस्थान* (२०४८), पञ्चायतकालीन समाजको आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनाको प्रभावमा पीडित गाउँले जीवनलाई विषयवस्तु बनाएर लेखिएको घनश्याम ढकालको *गाउँभित्र* (२०४७) तथा २०४७ देखि २०६० सम्मको अवधिमा देखापरेका राजनीतिक चरित्र र परम्परित समाज संरचनाको यथार्थलाई कथ्य बनाएर निर्माण गरिएको उपन्यास *रातो आकाश* (२०६०), प्रगतिवादी चिन्तन बोकेको शरद पौडेलको *लिखे* (२०५९) जस्ता प्रगतिवादी धाराका

उपन्यासहरूले समकालीन नेपाली उपन्यास उर्वर बन्न पुगेको छ र प्रगतिवादी धारा सशक्त बन्न पुगेको छ ।

२०४६ सालपछिको राजनीतिक अस्थिरताले निम्त्याएको विकृति र विसङ्गतिको चिरफार गर्दै उपन्यासको सिर्जना गर्ने प्रवृत्ति यस चरणमा निकै फस्टाएको छ । प्रजातन्त्र प्राप्तिपछिको नेपाली जनताको आशामाथि भएको तुषारापात, राजनीतिक नेतृत्वमा देखिएको सत्तालिप्सा र स्वार्थी प्रवृत्तिले निम्त्याएको अकर्मण्यता, फोहोरी राजनीतिले निम्त्याएको विकृतिलाई लिएर उपन्यास लेख्ने काम भएको देखिन्छ । यस प्रवृत्तिका उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको *उपसंहार अर्थात चौथो अन्त्य* ( २०४८), *अग्निदत्त+अग्निदत्त* (२०५३), ध्रुव सापकोटाको *विखण्डित* (२०५५), नयनराज पाण्डेको *उलार* (२०५५), प्रदीप नेपालको *स्वप्निल सहर* (२०६२), युवराज सङ्ग्रौलाको *शिशिरमा फुलेको गुरास* (२०६४) आदि देखिन्छन् (एटम, २०६७, पृ. १५) । त्यस्तै पत्रकारिता क्षेत्र स्वार्थबाट सञ्चालित हुादाको अवस्थाका पीतपत्रकारितालाई चित्रण गरेर लेखिएका उपन्याहरूमा ध्रुवचन्द गौतमको *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८), नारायण ढकालको *पीतसंवाद* (२०५५), *दुर्भिक्ष* ( २०६०), *मयुर टाइम्स* (२०६६) आदि उल्लेख्य छन् ।

यस चरणमा नारीवादी विचारको सशक्त प्रस्तुति दिने उपन्यासका रूपमा शोभा भट्टराईको *अन्त्यहीन अन्त्य* (२०५७), पद्मावती सिंहको *समानान्तर आकाश* (२०६२) उपन्यास देखापरेका छन् । त्यस्तै गरी तेस्रो लिङ्गीको समस्यालाई लिएर लेखिएको नयनराज पाण्डेको *अतिरिक्त* (२०५०), तेस्रो लिङ्गी विवाह, परिवार र सामाजिक मान्यताका पक्षबाट वकालत गरिएको मोहनराज शर्माको *सलिजो* (२०६६), समलैङ्गिक सम्बन्ध, सामाजिक यौनधारण र नारीचिन्तनका उदारताका विषयलाई समेटेर लेखिएको परशुप्रधानको *सीताहरू* (२०६४), चेलीबेटी बेचबिखन, जबरजस्ती वेश्याकरण र एड्सकोमहामारीलाई लिएर लेखिएको अनिल अधिकारीको *प्रकृति* (२०६३), पेशाका खातिर पुरुषवेश्या बनेको सन्दर्भलाई लिएर लेखिएको मनीषा गौचनको *बल्लीको डायरी* (२०६२), नारीजीवनका सबलतालाई चिनाउने प्रयास गरिएका उपन्यासका रूपमा गीता केशरीका *आवाज* (२०४७), *विश्वास* (२०५२) जस्ता उपन्यासहरू छन् (एटम, २०६७, पृ. १७) । नारीवादी लेखन यस समयमा सशक्त रूपमा अगाडि बढेको देखिन्छ ।

मिथकीय पुनः सृजनका दृष्टिले लेखिएका उपन्यासहरूमा मदनमणि दीक्षितको *मेरी नीलिमा* ( २०४८), *त्रिदेवी* (२०५१), *भूमिसूक्त* (२०५८), सरुभक्तको *पागल वस्ती* (२०४८), *तरुनी खेती* ( २०५३), ध्रुवचन्द्र गौतमको *अग्निदत्त+अग्निदत्त* (२०५३), विनोदप्रसाद धितालको *योजना गन्धा* ( २०५२), जगदीशशमशेर राणाको *सेतो ब्याकको आख्यान* (२०६०), कृष्ण धरावासीको *राधा* (२०६२), सञ्जीव उप्रेतिको *घनचक्कर* (२०६४), नारायण ढकालको *प्रेतकल्प* (२०६४), युग पाठकको *उर्गेनको घोडा* (२०६६) आदि देखिन्छन् (एटम, २०६७, पृ. १८) । त्यस्तै गरी २०५२ सालपछि देशमा सुरु भएको सशस्त्र द्वन्द्व र युद्धको विभीषिका,पीडाको चित्रण गर्ने काम पनि यस अवधिका उपन्यासहरूले गरेका छन् । यस समयमा माओवादी जनयुद्धको सबलताको चित्रण गर्ने उपन्यासका रूपमा घनश्याम ढकालको *रातो आकाश* (२०६०) र ऋषिराज बरालको *सगरमाथा* (२०६४) देखिन्छन् भने माओवादी जनयुद्धलाई असामयिक रूपमा वर्णन गरिएको उपन्यासका रूपमा प्रदीप नेपालको *आकाश गंगाको तीरै तीर* (२०५७) देखिन्छ । युद्धजन्य विभीषिकाको चित्रण गर्ने उपन्यासका रूपमा

नारायण वाग्लेको *पल्पसा क्याफे* (२०६१), गोविन्दराज भट्टराईको *सुकरातका पाइला* (२०६२) तथा मधेश आन्दोलनको चित्रण गरिएको धीरकुमार श्रेष्ठको *घुर* (२०६४) देखापरेका छन् ।

अभिघातको अभिव्यक्ति, अतीतको यात्रा, एकान्तिकता द्वैध मानसिकता, बिरानोपन, अपरिचितता, स्वदेशप्रतिको अनुरागजस्ता डायस्पोरिक भोगाइ र अनुभूतिलाई लिएर लेखिएको होमनाथ सुवेदीको *यमपुरीको महल* (२०५९), कृष्णराज खनालको *पातालकी प्रेयसी* (२०६३), राजवको *एटलान्टिक स्ट्रिट* (२०६५), *मोटेल अमेरिका* (२०६७) आदि देखिन्छन । त्यस्तै स्वैरकल्पनाको प्रयोग गरेर लेखिएका मनुजबाबु मिश्रको *स्वप्न सम्मेलन* (२०५६), ध्रुवचन्द्र गौतमको *तथाकथित* ( २०५९), सरुभक्तको *समय त्रासदी* (२०५९) स्वागत नेपालको *मातृसम्भोग* (२०६१) आदि रहेका छन् (एटम, २०६७, पृ.२१) । शरणार्थी समस्यालाई लिएर उपन्यासलेख्ने काम पनि यसचरणमा भएको देखिन्छ । यस्ता शरणार्थी समस्यामा लेखिएका उपन्यासमा ध्रुवचन्द्र गौतम र ध्रुवसापकोटाको संयुक्त उपन्यास *ज्यागा* (२०५०), कृष्ण धरावासीको *शरणार्थी* (२०५६) इन्दिरा प्रसाईको *रनमाया* (२०५८), ध्रुव सापकोटाको *अकल्पनीय* (२०६६) आदि देखिन्छन् ।

वातावरणको संरक्षणबाट मात्रै मानव जातिको भविष्य सुरक्षित हुन्छ भन्ने पर्यावरणीय चेतना प्रस्तुत गर्दै उपन्यास लेख्ने काम पनि समसामयिक नेपाली उपन्यासमा भएको पाइन्छ । यस्ता उपन्यासहरूमा रमेश विकलको *सागर उर्लन्छ सगरमाथा छुन* (२०५२), तेराखको *सर्वजा* (२०६०), सरुभक्तको *चुली* (२०६०) आदि रहेका छन् । साइबर संस्कृतिका परिप्रेक्ष्यलाई रोमाञ्चकताका साथ प्रस्तुत गर्ने काम नारायण वाग्लेको *पल्पसा क्याफे* (२०६१) मा गरिएको छ भने उपभोक्तावादी समाजमा साइबर प्रेमको खोल ओढेर बाँच्न विवश मान्छेको अवस्थालाई रोशन थापा नीरवको *प्रत्येक श्रवण कुमार अर्थात् युद्ध* (२०६४) मा चित्रण गरिएको छ (एटम, २०६७, पृ. २४) । साइबर संस्कृतिका कारण यन्त्रवत् बन्न पुगेका मान्छेका संवेदनाको चित्रण गर्ने काम यस्ता उपन्यासमा गरिएको छ । त्यस्तैगरी संरचना शैली र दर्शनका दृष्टिले उत्तरआधुनिक एवं विधा भञ्जनको सार्थक नमुना कृतिका रूपमा ध्रुवचन्द्र गौतको सूत्र उपन्यास *फूलको आतङ्क* (२०५५), केन्द्र भञ्जनका रूपमा गौतमकै *जेलिएको* (२०६३), प्रकृतिवादी नाङ्गोपन, स्वैरकल्पना र असित व्यङ्ग्यलाई कलात्मक ढङ्गले प्रयोग गरिएको गौतमकै *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) र आत्मजीवनीपरक उपन्यासका रूपमा गौतमकै *बाढी* (२०५६) उल्लेख्य रहेका छन् । समसामयिक यथार्थ र त्रासद जीवनको उद्घाटन गर्ने तथा अन्तर्पाठीयताका दृष्टिले कञ्चन पुडासैनीको *अधुरो उपन्यास अधुरो इच्छा* (२०६५) उपन्यास रहेको छ (शर्मा, २०६६, पृ. १०७) । त्यस्तै गरी समालोचना र सिर्जनाको मिश्रणका रूपमा देखिएको विधाभञ्जन तथा विधामिश्रणको उत्कृष्ट प्रयोग भएको उपन्यासका रूपमा गोविन्दराज भट्टराईको *सुकरातको डायरी* (२०६८) तथा अर्थको अनिर्धारण, द्वन्द्वको सशक्त चित्रणका दृष्टिले *सुकरातका पाइलाहरू* (२०६३) उपन्यास यसै चरणमा प्राप्त भएका छन् ।

यसप्रकार उपर्युक्त उपन्यासहरूका आधार हेर्दा यसचरणमा देखापरेका मुख्य औपन्यासिक धाराहरू निम्न छन् : सामाजिक यथार्थवादी तथा समाजवादी यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, विसङ्गतिवादी अस्तित्ववादी धारा, प्रयोगवादी धारा, नारीवादी धारा, प्रगतिवादी धारा, लैङ्गिकतामूलक धारा, आत्मजीवनीपरक धारा, डायस्पोरिक धारा, उत्तरआधुनिक धारा आदि ।

## समकालीन नेपाली उपन्यासका मूलभूत प्रवृत्ति

समकालीन नेपाली उपन्यासको समय मूलतः वि.सं.२०३६ सालपछि अहिलेसम्मको समयावधि हो । यस समयमा समकालीन नेपाली उपन्यासले मूल रूपमा सामाजिक यथार्थको आलोचना गर्ने तथा आंशिक रूपमा सही बाटो निर्देशन गर्ने प्रगतिवादी दृष्टिकोण अँगालेको छ (बराल र एटम, २०६७, पृ. २४२) । यस समयमा नेपाली उपन्यासको परम्परामा देखिएका प्रवृत्तिहरू केलाउादा नेपालको खराब राजनीतिक नेतृत्व र त्यसबाट उत्पन्न विविध विडम्बना, वर्गीय, लैङ्गिक, जातीय अधिकारको चेतनाले सिर्जना गरेको परिस्थितिमा सङ्क्रमणशील समाजका समस्या तथा राष्ट्रिय परिवेश र प्रविधिले विक्षिप्त एक्लो र निराश मान्छेका आशा निराशालाई समसामयिक नेपाली उपन्यासले विषय बनाएको देखिन्छ । साथै शासकीय शोषण तथा त्यसले जन्माएका युद्ध एवं अन्य द्वन्द्व, अभिघात, अविश्वास तथा भयको चित्रणलाई पनि नेपाली उपन्यासले महत्व दिएका छन् ( बराल र एटम, २०६७, पृ. २४२) । पीत पत्रकारिता, लैङ्गिकता, मिथकको पुनसृजना, वर्गीय र जातीय शोषणबाट मुक्ति, युद्धको प्रभाव र पलायन, डायस्पोरा सङ्घात, स्वैरकल्पना आत्मकथा, शरणार्थी समस्या, पर्यायवरणीय चेतना, नयाँ इतिहास चेत र सांस्कृतिक सञ्चय, साइबर संस्कृति आदि समकालीन उपन्यासमा पाइने प्रवृत्ति हुन् ।

यस चरणमा प्रयोगात्मक प्रवृत्तिका नयाा उपन्यास, अधिउपन्यास, अउपन्यास लेखनमा तीव्रता देखिएको छ । रैखिक कथानकका ठाउँमा पूर्वदीप्तिका वा पूर्वसङ्केतको प्रयोग पाइनु, भरिलो र सङ्गठित कथानकका ठाउँमा कथानकविहीन तथा क्षीण कथानक हुनु, वर्णनात्मक पद्धतिका ठाउँमा दृश्यात्मक तथा नाटकीय पद्धति प्रयुक्त हुनु, लौकिक नायकका ठाउँमा अनायकको प्रचलन हुनु, बहुनायकत्वको विकास हुनु, पत्रात्मक तथा डायरी प्रविधिको प्रयोग गरिनु, प्रथमपुरुष दृष्टिविन्दुको बढी प्रयोग हुनु, चेतनप्रवाह शैलीको प्रयोग गरिनु, वैकल्पिक अन्त्य गरिनु जस्ता शिल्पपद्धतिको प्रयोग उपन्यासमा गरिएको देखिन्छ (बराल र एटम, २०५८, पृ. ५१) । यसरी समसामयिक युगमा नेपाली उपन्यासमा नवीन प्रवृत्तिहरू देखा परेका छन् ।

नेपाली साहित्यमा उत्तरआधुनिकताको थालनीसागै उपन्यासमा पनि उत्तरआधुनिकताका अभिलक्षणहरू देखापर्न थालेका छन् । महाख्यानको समापनको घोषणा पश्चात् आख्यानको ठोस् र सपाट ढाँचा प्रायः समाप्त हुनु, परम्परित पात्रप्रयोगको उल्लङ्घन हुनु, विसांस्कृतिक स्थिति संस्कृति बन्नु, परम्पराले घोषित गरेका सांस्कृतिक सन्दर्भहरू विभग्न हुनु र सांस्कृतिक नवसत्यको आभिर्भाव हुनु, विमिथकीयताको प्रयोग गरिनु, विधाभञ्जनको स्थिति देखापर्नु, प्रगतिवादी चिन्तन खरोरूपमा व्यक्त हुनु, नारीवादी चेतना प्रखर रूपमा प्रकटिनु, समलैङ्गिक तथा तेस्रो लिङ्गीका समस्याको उद्घाटन हुनु मिथकीय पुनः सृजन गरी उपन्यासलेखिनु, डायस्पोरिक चेतना प्रकट हुनु, पर्यावरणीय चेतना अभिव्यक्त हुनु, शरणार्थीका समस्या उजागर गरिनु, सूत्र उपन्यास लेखिनु, विधाभञ्जनर विधामिश्रणको अवस्था देखिनु, द्वन्द्वको पीडा र युद्धजन्य विभीषिकाको वर्णन गरिनु, पीतपत्रकारिताले सिर्जन गरेको अन्योल अवस्थाको उद्घाटन गरिनु, स्वैरकल्पनाको प्रयोग हुनु, साइबर संस्कृतिको प्रभावको चित्रण हुनु यस उत्तरवर्ती चरणमा देखापरेका मूलभूत प्रवृत्ति हुन् । त्यस्तै विवस्तुता विपात्रता, विकथनात्कता, विपरिवेशात्मकता विवैचारिकता, विसांस्कृतिकता, विचिन्तनता र विमिथकीयताजस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक लेखनलाई आजको अपेक्षित सत्य

बनाइएको छ (सुवेदी, २०६४, पृ. ४९९) । यसका साथै राजनैतिक अस्थिरता तथा स्वार्थी नेताहरूको आदूरदर्शी नीति तथा व्यवहारबाट उत्पन्न राष्ट्रिय समस्याको चित्रण समेत यस चरणका उपन्यासको मूल प्रवृत्ति बनेको छ ।

समकालीन नेपाली उपन्यास राष्ट्रिय राजनीतिक परिवेशका विविध घटनाक्रम तथा अन्तर्राष्ट्रिय परिवेशबाट प्रभावित बनेको छ साथै देशमा देखिएको बजारमुखी भ्रष्ट अर्थतन्त्र र सञ्चार साम्राज्यको चपेटामा परेका कहिलेकाहीँ उत्तरआधुनिकताको हावाले छुने नेपाली उपन्यास साइबर संस्कृति सित जोडिँदै जुँध्दै काम र मामको खोजीमा अघि बढिरहेको पनि खेख्न सकिन्छ एटम, २०६७, पृ. १२) । राजनीतिक नैतिकताको विलय रचाकडी प्रथाको हालीमुहाली, कमजोर न्यायव्यवस्था बढ्दो बेरोजगारी समस्या, बन्दहड्ताल जस्ता कारणले निम्त्याएको सङ्कट, मौलाउादो भ्रष्टाचार, जातीय द्वन्द्व जस्ता राजनीतिक बिडम्बना र त्यसबाट उत्पन्न विकृतिपूर्ण अवस्था नै आजको नेपाली उपन्यासको मुख्य विषय बनेको देखिन्छ । यस समयका उपन्यासमा सामाजिक असमानता र विषमता, विसङ्गति, जातीय विभेद र रङ्गभेदको अभिव्यक्ति, दलित र छुवाछुत प्रथाको विरोध, जनजातीय जागरण र जातीय अस्तित्वको खोजी गरिएको छ । वर्गीयतालाई महत्व दिनुका सट्टा जाति, लिङ्ग जस्ता विषयलाई जोड दिएर सामाजिक विखण्डन तर्फ सङ्केत गर्न थालेको अनुभूति हुन थालेको छ ।

## निष्कर्ष

यसप्रकार समसामयिक नेपाली उपन्यास राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भबाट प्रभावित हुँदै अगाडि बढिरहेको छ भने राजनीतिक अस्थिरताबाट उत्पन्न असहज परिस्थितिका कारण उत्पन्न अनेकौं सङ्कटबाट गुज्रिएको अवस्थाको चित्रण गर्दै निरन्तर गतिशील रहेको छ। त्यस्तै उत्तरआधुनिकताका नाममा देखिएका नवीन प्रवृत्तिहरूको बढ्दो प्रयोग पनि नेपाली उपन्यासको पहिचान बन्न पुगेको छ। बहुदलवादी समाजशास्त्रका नाममा जातीय, भाषिक र धार्मिक फुटको व्यापक सिर्जना भई राष्ट्रियता कमजोर बन्न गएको परिवशेलाई आत्मसात गर्दै उपन्यासहरू लेख्ने कार्यमा तीव्रता आएको छ। नेपाली उपन्यासको रचना विदेशी भूमिमा जीवन निर्वाह गर्दा उत्पन्न हुने आफ्नो सांस्कृतिसितको विच्छिन्नता र त्यसबाट उत्पन्न हुने परिचयविहिनताको स्थितिलाई विषय बनाएर भएको छ। सूचनाप्रविधिको विकास तथा नवीन शैलीको मोहले भाषालाई भाचेर टुक्रा पार्ने प्रविधि, भाषिक मिश्रणको प्रयोग गर्ने प्रचलन, कलात्मक सीपको कमीले मेसिन लेखन गर्नुपर्दा ठाडो भाषाको प्रयोगको अवस्था नेपाली उपन्यासमा देखापरेको छ। समसामयिक धारा निरन्तर गतिशील रहेकाले अझै यसको समय समाप्तिको पूर्ण विराम नलागेको र अन्य कुनै नयाा नामबाट न्वारन नगरिएको अवस्थामा अझै थुप्रै नवीन प्रवृत्तिहरू देखापर्ने सम्भावना रहेको छ।

## सन्दर्भ सामग्री


एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* काठमाडौँ : एकता प्रकाशन ।

ओझा, रामनाथ (२०६६), 'डायस्पोरिक उपन्यास यमपुरीको महलको विश्लेषण', *पृथ्वीदर्पण,* वर्ष १, अंक १, पृ.१-९ ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), 'समसामयिक/समकालीन नेपाली कविताका प्रवृत्ति', *सम्प्रेषण,* अङ्क ६ (पृ. १२७ - १४२), नेपाली भाषा शिक्षा विभाग ।

ज्ञवाली, विष्णुप्रसाद (२०६७), *समसामयिक नेपाली उपन्यास,* काठमाडौँ : पैरवी प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दो.सं.,ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६७), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तरआधुनिक ऐना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : ने.प्र.प्र. ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौँ: क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दो.संस्क., ललितपुर : साझा प्रकाशन ।

---

**डा. शालिकराम पौड्याल** त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पसमा मानविकी सङ्कायअन्तर्गत नेपाली विभागमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । अध्ययन, अध्यापन, अनुसन्धान, पुस्तक लेखन उहाँको रुचिको क्षेत्र रहँदै आएको छ भने उहाँले विभिन्न अनुसन्धानमूलक लेख रचना प्रकाशित गर्नुभएको छ । उहाँले त्रिभुवन विश्वविद्यालय मानविकी सङ्कायबाट विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ ।